# डुडुवा गाउँपालिकाको आर्थिक ऐन २०८०

गाउँ सभावाट स्वीकृत मिति : २०८०।०३।०८

प्रमाणिकरण मिति : २०८०।०३।०८

लागु मिति मिति : २०८०।०३।०८

## डुडुवा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** :डुडुवा गाउँपालिकाको अीर्थक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्तस्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिमको डुडुवा गाउँ सभा लेयो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (क) योऐनको नाम ''डुडुवा गाँपालिकाको आर्थिक ऐन,२०८०'' रहेको छ ।

(ख) यो ऐन, गाउ सभा बाट पारित भई अध्यक्ष बाट प्रमाणीकरण भएको मिति देखी डुडुवा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. परिभाषा:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ,

(क) गाउँपालिका" भन्नाले लुम्विनीप्रदेश बाँके जिल्ला अर्न्तगतको डुडुवा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले गाउ कार्यपालिकाको अध्यक्ष लाई संझनु पर्दछ ।

(ग) "स्थानीयकर" भन्नाले गाउपालिका अर्न्तगत यस ऐन बमोजिम लगाईने स्थानिय कर लाई संझनु पर्दछ

(घ) "शुल्क" भन्नाले गाउँपालिका अर्न्तगत यस ऐन बमोजिम लगाईने शुल्कलाई सम्झनु पर्दछ ।

(ङ)"स्थानीयसडक उपयोग शुल्क/दस्तुर" भन्नाले गाउँपालिका भित्र रहेका सडक हरु उपयोग गरि निकासी गरे वापत यस ऐन बमोजिम लगाईने "स्थानिय सडक उपयोग शुल्क/दस्तुर" लाई संझनु पर्दछ ।

**३.सम्पत्ति कर :–**

गाउँपालिका क्षेत्र भित्र चालु आ.ब.देखि एकीकृत सम्पत्ति कर संकलन कार्यविधी बमोजिम एकीकृत सम्पत्ति कर/ घरजग्गा कर लगाईने छ।

| घरको विवरण | रकम वार्षिक रु | कैफियत |
|---|---|---|
| फुसको घर | रु ५० (पचास रुपैयाँ) | |
| खपडाको घर | रु ७५ (पचहत्तर रुपैयाँ) | |
| पक्की घर | रु १०० (सय रुपैयाँ) | |

**४. भुमि कर (मालपोत):–**

गाउँपालिका क्षेत्र भित्र तपसील बमोजिम भुमि कर लगाईने र असुल उपर गरिने छ।

| **जग्गाको बिबरण** | **रकम प्रति कठ्ठा रु** | **कैफियत** |
|---|---|---|
| २ विगाह सम्म | चार रुपैयाँ | |
| २ विगाहा माथी | पाच रुपैयाँ | |

यस आ.व. भित्र नतिरेको वक्यौता रकममा एकमुष्ट २०% (प्रतिशत) जरिवाना लगाइने ।

**५. घर जग्गा बहाल कर :–**

गाउँपालिका भित्र कुनै व्यक्ति वा संस्थाले भवन,घर,पसल,ग्यारेज,गोदाम,टहरा, छप्पर,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा तपसील बमोजिम घरजग्गा बहाल कर लगाईने र असुल गरिने छ।

| | |
|---|---|
| घर बहाल कर | **बहाल घर को १०%** |

**६. व्यवसाय कर :–**

गाउँपालिका क्षेत्रभित्रका व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा तपसील बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ।

| **ब्यवसायको विवरण** | **रकम (बार्षिक)** | **कैफियत** |
|---|---|---|
| पान पसल | रु ५०। पचास रुपैया | |
| चिया पसल | रु ५०। पचास रुपैया | |
| किराना पसल | रु १००।- एक सय | |
| मिठाई पसल | रु १००।- एक सय | |
| होटल | रु १५०।- एक सय पचास | |
| मदिरा पसल | रु २००।- दुई सय | |
| गल्ला पसल | रु २००।- दुई सय | |
| चिया नास्ता पसल | रु १००।- एक सय | |
| कटेज | रु ५००।- पांच सय | |
| इन्धन भण्डारण र विक्री डिपो/प्रेट्रोल डिपो | रु ५०००।- पांच हजार | |
| उद्योग तथाकलकारखाना | रु १००००।- दश हजार | |
| मदिरा उद्योग | रु ५००००।-पचास हजार | |
| क्रसर उद्योग | रु ३००००।-तीस हजार | |

| | | |
|---|---|---|
| इट्टा भट्टा | रु २००००।- बिस हजार | |
| औषधी पसल | रु २००।- दूई सय | |
| आयुर्वेद पसल | रु १०००।- एक सय | |
| स्टेशनरी | रु २००।- दुई सय | |
| ब्युटी पार्लर | रु १००।- एक सय | |
| एग्रोभेट | रु १००।- एक सय | |
| साईकल मर्मत | रु ५०।- पचास | |
| मोटर साईकल ग्यारेज | रु १५०।- एक सय पचास | |
| मासु पसल | रु १५०।- एक सय पचास | |
| सैलुन | रु १००।- एक सय | |
| कुखुरा फर्म | रु ५००।-पांच सय | |
| कानुन ब्यवसायी कन्सलटेन्सी | रु १५०।- एक सय पचास | |
| पशु चौपाय ओसारपसार | रु २५ ।- पच्चीस | प्रतिजीउ |
| बैंक तथा वित्तिय संस्था | रु २००।-दुई सय | |
| सहकारी संस्था | रु १००।- एक सय | |

७. **जडिबुटी,कवाडी कर :–**

गाउँपालिकाको क्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले उन,खोटो, जडिवुटी,वनकस,कवाडीमाल र प्रचलित कानुनले निषेश गरिएका बस्तुहरु बाहेक बस्तुको व्यवसायिक कारोवार गरे वापत तपसील बमोजिम कर लगाईने र असुल उपर गरिने छ ।

| | |
|---|---|
| जडिवुटी,कवाडी कर | रु २००।-दुई सय |

८. **सवारी साधन कर :–**

गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधन तपसील वमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा भएको अवस्थामा सोही बमवजिम हुने छ ।

| **सवारी साधनको नाम** | **रकम (बार्षिक** | **कैफियत** |
|---|---|---|
| कार जीप | रु ५००।- पांच सय | |
| बस | रु १०००।- एक हजार | |
| ट्रक | रु १०००।- एक हजार | |
| स्काभेटर/टिपर | रु १०००।- एक हजार | |

९. **बिज्ञापन कर :–**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा तपसील बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

तपसीलः

| किसिम | रकम |
|---|---|
| **विज्ञापन कर ठुलो मा** | रु २००।- दूई सय |
| **विज्ञापन कर सानोमा** | रु १००।– एक सय |

१०.**मनोरन्जन कर :–**

गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा तपसील बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ ।गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा तपसील बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

| | |
|---|---|
| मनोरन्जन कर | रु २००।- दुई सय |

११.**बहाल बिटौरी शुल्क :–**

गाउँपालिकाक्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही बमोजिम भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।

१२**पार्किङ्ग शुल्क :–**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पाकिङ्ग सुबिधा उपलब्ध गराए वापत पार्किङ्ग शुल्क लागाईने र असुल उपर गरिनेछ।

| | |
|---|---|
| पार्किङ्ग शुल्क | रु ५ प्रति पटक |

१३. **ट्रेकिङ्ग, कोयोकिड,क्यानोइङ्ग बन्जी जम्पिङ्ग, जिपफलायर र र्‍याप्टीङ्ग शुल्क :–**

गाउँपालिका क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड,क्यानोइङ्ग बन्जी जम्पिङ्ग, जिपफलायर र र्‍याप्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत शुल्क लगाईने र असुल उपर गरिनेछ।

१४. **सेवा शुल्क दस्तुरः–**

गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोहीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

**१५. पर्यटन शुल्क :–** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ।

**१६. कृर्षि जन्य पदार्थ ठेक्का :–**

गाउपालिका बाट बाहिर निकासी हुने पदार्थहरु जस्तै बदाम,धानको भुस,तोरिको पिना,गहु,मकै,धान,भटमास,मास,दहलनमा पर्ने मसुराको दाल मासको दाल आदी बस्तुहरुमा उठाईने कर असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ।

| | |
|---|---|
| कृर्षि जन्य पदार्थ ठेक्का | रु १००।- एक सय |

**१७. घाट उत्राही ठेक्का :–**

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पर्ने घाट उत्राही कर गाउँपालिकाले असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

**१८ पशु जन्य ठेक्का :–**

गाउँपालिकाको आफ्नो क्षेत्र भित्र पर्ने पशु जन्य हाड, सिंग, खुर तथा प्वाख प्रचलित कानुनले निषेध गरिएका जीवजन्तु बाहेक अन्य मृत वा मारिएका जीवजन्तुका हाड,सिङ्ग,प्वाख,छालाजस्ता बस्तुको गाउँपालिकाबाट असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

**१९.कर छुट :–**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि :–**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि  कार्यबिधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

२१.प्राबिधिक शिक्षालय तथा वोडिङ्ग स्कुल स्थापनार्थ प्राप्त **शुल्क : रु १०००।- (एक हजार)**

२२.**कान्जीहाउस ठेक्का :– ठेक्का बमोजिम**

२३.**उधोग तथा कलकारखाना दर्ता शुल्क र बार्षिक कर**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि  कार्यबिधि गाउपालिकाले तोके अनुसार हुनेछ ।

२४.**मदिरा उधोग संचालन को लागि सिफारिस दस्तुर र बार्षिक कर**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि  कार्यबिधि गाउपालिकाले तोके अनुसार हुनेछ ।

२५.**रुख कटान तथा मुछ्यान**

(क) सामुदायिक वनबाट रुख कटान मुछ्यान बाट प्राप्त हुने शुल्क : प्रति रुख **रु.५०** (पचास)

(ख) व्यक्तिगत जग्गामा लगाईएकाको रुख कटान तथा मुछ्यान प्रति रुख **रु.१००**एक सय तथा रुख अनुसार पनि थप दस्तुर लाग्ने छ ।

२६.**इन्धन डिपो** : कुनै पनि व्यक्ति वा संगठित संस्थाले इन्धन डिपो राख्न खोल्ने इजाजत दस्तुर **रु.५०००**पाँच हजार दस्तुर लाग्ने छ ।

२७.**दुग्ध डेरी संचालन दस्तुर** : कुनै पनि व्यक्ति वा संगठित संस्थाले दुग्ध डेरी संचालनको लागि सिफारीस दस्तुर**रु.५००**पाँच सय दस्तुर लाग्ने छ ।

२८.**खरबजारी ठेक्का :–**गाउँकार्यपालिकाको निर्णय अनुसार ठेक्का भए बमोजिमको दस्तुर लिईने छ

२९.**सवारी साधन दर्ता दस्तुर**: सवारी साधन दर्ता एवं अनुमती दस्तुर देहाय बमोजीमको लाग्ने छ ।

| सवारी साधनको नाम | रकम (वार्षिक) | कैफियत |
|---|---|---|
| ई- रिक्सा | रु ५००।-पांच सय | |
| रिक्सा | रु २००।- दुई सय | |

३०.**उधोग तथा कलकारखाना**: उधोग तथा कलकारखाना दर्ता शुल्क तथा बार्षिककर रु. १०००(एक हजार) दस्तुर लाग्ने छ ।

३१.**खाद्य उद्योग** : खाद्य उद्योग संग सम्बन्धित कारखाना **रु.५००**(पाँच सय) दस्तुर लाग्ने छ ।

३२.**काष्ठ उद्योग**: काष्ठ उद्योग कारखाना **रु.१०००** एक हजार दस्तुर लाग्ने छ ।

३३.**ईट्टा भट्टा संचालन** :ईट्टा भट्टा संचालन इजाजत पत्रका लागि सिफारिस दस्तुर **रु.५०००**पाँच हजार दस्तुर लाग्ने छ ।

**३४.भु उपयोग कर :–**

सरकारी प्रति र ऐलानी जग्गाका सम्बन्धमा संबिधान कानुन र भुमी सम्बन्धि ऐनमा तोकिय बाहेक गाउँपालिकामा रहेका तत् जग्गा उपयोग गरेवापत गाउँपालिकाले उक्त जग्गाहरु को पहिचान गरी जग्गाको प्रकृति हेरि लिज वा ठेक्का र बार्षिक कर लगाउन सक्ने छ । यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**३५.स्थानिय पुर्वाधार एबं सडक उपयोग शुल्क/दस्तुर :–**

यस गाउपालिका भित्र रहेको बिभिन्न स्थानीय सडक बाट तपसिलका प्राकृतिक श्रोत व्यवसायिक प्रयोजनका लागी निकासी गरेवापत स्थानीय पुर्वाधार सडक उपयोग शूल्क /दस्तुर लगाईने छ ।

(१) गिट्टी/बालुवा/मोरङः- प्रति ट्रक/टिप्पर **रु.५००**। प्रति टयाक्टर ट्राली **रु.२००**। प्रति गाडा/ डल्लफ(बयलगाडी)**रु.५०**।

(२) माटोः- प्रति ट्रक/टिप्पर **रु.३००।** प्रति टयाक्टर ट्राली **रु.१००**। प्रति गाडा/डल्लफ(बयलगाडी) रु.२५।

(३) वनस्पति जन्यः- प्रति ट्रक/टिप्पर **रु.२००**। प्रति टयाक्टर ट्राली **रु.१००**। प्रति गाडा/ डल्लफ(बयलगाडी)**रु.२५।**

(४) कृषी जन्यः- प्रति ट्रक/टिप्पर रु.१००। प्रति टयाक्टर ट्राली **रु.५०।** प्रति गाडा/ डल्लफ(बयलगाडी)**रु.२५।** तर कृषी जन्य उत्पादनको स्थानिय कृषकहरुबाट बिक्रीको लागी सडक उपयोग गरे वापत कुनै दस्तुर लाग्ने छैन ।

**३६.घर नक्सा पास**

| | |
|---|---|
| घर जग्गा नक्सा | रु २०००।- दुई हजार |

३७ **दस्तुर :–**

**घरबाटो प्रमाणित गरे वापत देहाय बमोजीमको दस्तुर लाग्ने छ ।**

| सि.नं. | बिबरण | रकम |
|---|---|---|
| १ | घर बाटो दुबै नभएको सिफारिस | रु १००।- एक सय |
| २ | कच्ची सडक छोएकोमा सिफारिस | रु २००।- दुई सय |
| ३ | ग्राभेल सडकले छोएकोमा सिफारिस | रु २५०।- दूई सय पचास |
| ४ | पक्की सडकले छोएकोमा सिफारिस | रु ३००।- तीन सय |
| ५ | घरको मुल्याङ्कन परल मुल्यको | ०.५ % |

**नाता प्रमाणित**

| सि.नं. | बिबरण | रकम |
|---|---|---|
| १ | सर्जिमन नगरी | रु ११०।- एक सय दश |
| २ | सर्जिमन गरी | रु २५०।- दुई सय पचास |

**चार किल्ला प्रमाणित**

| सि.नं. | बिबरण | रकम |
|---|---|---|
| १ | बैक र अन्य प्रयोजन | रु.११०।- एक सय दश |
| २ | साना ब्यबशाय र कुटिर उधोग | रु.१०००।- एक हजार |

| | | |
|---|---|---|
| ३ | इट्टा भट्टा र ठुला उधोग | रु.५०००।- पांच हजार |

**दस्तुर**

| सि.नं. | बिबरण | रकम |
|---|---|---|
| १ | निबेदन | रु.१०।- दश |
| २ | नागरिकता सिफारिस नयाँ | रु. ५०।- पचास |
| | नागरिकता सिफारिस प्रतिलिपि | रु.६०।-.साठी |
| ३ | फिराद पत्र /प्रतिउत्तर पत्र/उजुरी निवेदन/लिखित जवाफ | रु.२००।-दुई सय |
| ४ | अन्य सिफारिस | रु.१००।-एक सय |
| ५ | जग्गा नामसारी | रु.२५०।- दुई सय पचास |
| ६ | मोहि सिफारिस,लगत कट्टा | रु.२००।-दुई सय |
| ७ | घरबास मिनाह सिफारिस | रु.३००।-तिन सय |
| ८ | सर्जिमिन दस्तुर | रु.२५०।-दुई सय पचास |
| ९ | साना ब्यबशाय र कुटिर उधोग संचालन | रु.१०००।-एक हजार |
| ११ | नक्कल प्रमाणित | रु.३।-तिन |
| १२ | राँगा गोरु सिफारीस | रु. ५०।-.पचास |
| १३ | ब्यक्तिगत घटना दर्ता म्याद नाघेको जरिवाना /( प्रतिलिपी) | संघीय सरकारले तोके बमोजिम |
| १४ | बिधुत मिटर जडान | रु. ७५।-.पचहत्तर |
| १५ | रिक्सा नविकरण | रु.५०।-पचास |
| १६ | कान्जीहाउस प्रति दिन | रु.५०।-पचास |
| १७ | पुरानो काठ चिरानको सिफारिस दस्तुर | रु.१००।-एक सय |
| | | |

**रुख कटान सिफारीस दस्तुर**

| सि.नं. | बिबरण | रकम |
|---|---|---|
| १ | आँप महुवा,सिसम,बरगद,अन्य समतको कटान ५ फिट भन्दा मोटो भएमा प्रति रुख | रु.३००**रु.**तिन सय |
| २ | आँप महुवा,सिसम,बरगद,अन्य समतको कटान ५ फिट भन्दा सानो भएमा प्रति रुख | रु. २०० **रु.**दुई सय |
| ३ | बबुरा कलप्टिस | रु. ५० **रु.**पचास |
| ४ | सागुवन | रु.२०० **रु.**दुई सय |
| ५ | पापलर | रु. ५० **रु.**पचास |
| ६ | कुकाठ | रु.१५०**रु.**एक सय पचास |
| ७ | नर्सरी भित्र लगाएको बिभिन्न बिभिन्न रुखको कटान प्रति कट्ठा | रु.५००**रु.**पाच सय |

३८.अन्य गाउँपालिकाका मेशिनरी उपकरण प्रयोग वापतको भाडाँ  गाउँपालिकाका नाममा रहेका मेशिनरी उपकरण भाडामा प्रयोग गरेवापत निम्न अनुसारको शुल्क कायम गरिएको छ

१ रोलरप्रति  दिन रु१४०००।-

२ भ्याकु लोडर    प्रति घण्टा रु२५००।-

३ ग्रेडर प्रतिदिन रु १८०००।-

४ पानी टयांकर प्रतिदिन रु ५०००।-

**३९.कर छुट** :

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

४०.**प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क**

यस डुडुवा गाउँपालिकाको आ.ब.२०७९/०८० मा संकलन तथा बिक्री गरिने निम्न प्राकृतिक स्रोतको निम्न अनुसार संकलन बिक्री शुल्क निर्धारण गरी असुल उपर गरिनेछ।

तपसिल

| सि.नं. | विवरण | इकाई | दर |
|---|---|---|---|
| १. | ढुङ्गा गिट्टी बालुवा चुनढुङ्गा ग्राभेल खरिढुङ्गा स्लेट | प्रति क्यूव फिट | रु ८।- |
| २. | दहत्तर बहत्तर | प्रति के.जी. | रु २।- |

४१. "घ" वर्गको निर्माण ब्यवसायी इजाजत पत्र -. "घ" वर्गको निर्माण ब्यवसायी इजाजत पत्रको नयाँ दर्ता र नवीकरण गर्दा देहाय बमोजिम शुल्क लाग्ने छ ।

| सि नं | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | नयां इजाजत पत्र को लागि | ५०००। | |
| २ | इजाजत पत्र नविकरण | २०००। | |

नोटः इजाजत नविकरणको लागि तोकीएको म्याद नाघेमा रु २०००। थप शुल्क लाग्ने छ ।

४२ विविध -:

(क)यस ऐन मा उल्लेख भएको बाहेक अन्य परिस्थितीमागाउँकार्यपालिकाको निर्णय बमोजिम प्रचलित नेपाल कानून संग नबाझिने गरिकर लगाउन र छुट दिन सकिने छ।

(ख)यो ऐन प्रारम्भ हुनु अगावै डुडुवा गाँउ कार्यपालिकाबाट भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ

४३. स्वास्थ्य सम्बन्धि विविध

**प्रयोगशाला परिक्षण शुल्क :**

यस गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट लिइने प्रयोगशाला परिक्षणको निम्न अनुसार न्यूनतम शुल्क लिइने छ 

तपसिल :

| सि.नं. | विवरण | भेरीको रेट | शुल्क(RS) | कैफियत |
|---|---|---|---|---|
| 1 | Blood sugar | 50 | 20 | |
| 2 | Blood Uria | 100 | 25 | |
| 3 | ESR | 50 | 20 | |
| 4 | HB | 50 | 20 | |
| 5 | Grupping | 50 | 20 | |
| 6 | P. Test | 75 | 25 | |
| 7 | Urine R/E | 50 | 20 | |
| 8 | Stoole R/E | 50 | 20 | |
| 9 | RA Factor | 120 | 30 | |
| 10 | Widle Test | 100 | 25 | |
| 11 | Bluriblon | 100 | 25 | |
| 12 | Uric Acid | 100 | 25 | |

| | | | | |
|---|---|---|---|---|
| 13 | Critinine | 120 | 30 | |
| 14 | H.pyloric | 300 | 75 | |
| 15 | TPHP | 100 | 25 | |
| 16 | MP/slidcord | free | 0 | |
| 17 | VDRL | 100 | 25 | |
| 18 | HBSAG | 100 | 25 | |
| 19 | HCV | free | 0 | |
| 20 | HIV | free | 0 | |
| 21 | KFT | 500 | 125 | |
| 22 | CBC | 250 | 70 | |
| 23 | SGOT/SGPT | 250 | 70 | |
| 24 | LFT | 550 | 150 | |
| 25 | LIPID Profile | 600 | 150 | |
| 26 | TG | 200 | 50 | |
| 27 | HDL/LDL | 100 | 25 | |
| 28 | SPUTUM/AFB | free | 0 | |
| 29 | RK/39(Dengue) | free | 0 | |
| 30 | Blood Group & RH Factor | 50 | 20 | |
| 31 | Bilirubin | 100 | 25 | |
| 32 | Digital X-ray | 350 | 100 | |
| 33 | USG | 600 | 300 | |
| 34 | Doppler Study | 1000 | 250 | |
| 35 | ECG | 200 | 50 | |

नोटः जेष्ठ नागरिकलाई माथि उल्लेखित सबै सेवा निशुल्क हुनेछ ।

४४. एम्बुलेन्स सेवा संचालन शुल्क :

**गर्भवती तथा सुत्केरी आमालाई**

१) गाउँपालिका भित्र रु ३००

२) गाउँपालिका देखि नेपालगंज सम्म रु ५००

३) गाउँपालिका देखि कोहलपुर रु ६००

**जेष्ठ नागरिकलाई :**

१) अन्तरिक/बाह्‍य रु ४००

**अन्य सर्वसाधारणलाई :**

१) अन्तरिक रु ५००

२) बाह्‍य रु ८००

**नाम थर : नरेन्द्र कुमार चौधरी**

**पद : अध्यक्ष**

**मिति : २०८०।०३।०८ गते**